गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

Corporate Office
P.O. Box 8867, Hattisar, Kathmandu
Tel 01-4444039, Fax 01-4443414
Email info@goodwill.net.np
Web www.goodwillfinance.com.np
PAN 500046719

चलानी नं.८९८/११००३३-३८/०८०/०८१

मिति : २०८०/०९/१९

**श्रीमान् प्रमुखज्यू,**
**नेपाल स्टक एक्स्चेन्ज लि.,**
**सिंहदरबार प्लाजा, काठमाडौ ।**

**बिषय :- प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ती गरिएको बारे ।**

महोदय,

उपरोक्त बिषयमा मिति २०८०/०९/१८ मा बसेको संचालक समितिको ४१४ औं बैंठकको निर्णयानुसार यस वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री सरोज काजी तुलाधरज्यू दोस्रो कार्यकालका लागि प्रमुख कार्यकारी अधिकृत पदमा ४(चार) बर्षको लागि मिति २०८०/१०/०२ गते देखि लागू हुने गरी नियुक्ती गर्ने निर्णय भएकोले संचालक समितिको निर्णयको प्रतिलिपी सहित तहाँको जानकारीका लागि यो पत्र प्रेषित गरिएको व्यहोरा हार्दिक अनुरोध गर्दछु ।

भवदीय,

गुडविल फाइनान्स लि. (वित्तीय संस्था) जिफिल वि.सं. २०५१

स्वयम्भू शाक्य
कम्पनी सचिव

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक
वित्तीय संस्था सुपरिवेक्षण विभाग,
बालुवाटार, काठमाडौं ।

२. श्री नेपाल राष्ट बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं ।

४. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.,
पुतलीसडक, काठमाडौं ।

५. श्री नेपाल धितोपत्र बोर्ड,
गोदांवरी रोड, ललितपूर ।

६. श्री नेपाल वित्तीय संस्था संघ
काठमाडौं ।

७. श्री मानव संशाधन विभाग,
गुडविल फाइनान्स लिमिटेड,
हात्तिसार, काठमाडौं ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

Corporate Office
P.O. Box 8867, Hattisar, Kathmandu
Tel 01-4444039, Fax 01-4443414
Email info@goodwill.net.np
Web www.goodwillfinance.com.np
PAN 500046719

## संचालक समितिको ४१४ औं बैठकको निर्णय उतार

मिति २०८०/०९/१८ गतेका दिन यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष श्री विश्व प्रकाश साखःज्यूको अध्यक्षतामा संचालक समितिको ४१४ औं बैठक दिनको ४:०० बजे संस्थाको रजिष्टर्ड कार्यालय हात्तिसारमा बसी निम्न लिखित निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री विश्व प्रकाश साखः | अध्यक्ष |
| २. | श्री पशुपति भक्त श्रेष्ठ | संचालक |
| ३. | श्री दिलिप कुमार मुनंकमी | संचालक |
| ४. | श्री जेनी जोशी | संचालक |
| ५. | प्रा.डा.श्री सुशिल भक्त माथेमा | स्वतन्त्र संचालक |

**निर्णय नं. ...**

यस वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री सरोज काजी तुलाधरज्यूलाई पुनः नियुक्तीका सम्बन्धमा मिति **२०८०/०९/१७** मा बसेको संचालक समितिको **४१०** औं बैंठकको निर्णयानुसार बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०८० बमोजिम पुनः अर्को एक कार्यकालका लागि नियुक्त गर्न कानून बमोजिम मिल्ने वा नमिल्ने भन्ने सन्दर्भमा यस वित्तीय संस्थाका कानूनी सल्लाहकारलाई कानूनी परामर्श माग गर्ने निर्णय भई मिति २०८०/०८/२५ मा दिनु भएको कानूनी राय अनुसार ऐनको दफा २९ (३) मा ऐनको दफा २९(२) मा उल्लेखित व्यवस्था ऐन प्रारम्भ भए पछि मात्र लागू हुने भनि उल्लेख भएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ मिति २०७४/०१/१० मा प्रमाणिकरण तथा प्रकाशन भएको र उक्त कानूनी व्यवस्थाहरु समेत मिति २०७४/०१/१० देखि मात्र लागू हुने हो । समान रुपमा बुझ्दा ऐनको दफा २९(२) को व्यवस्था समेत सोहि मिति पछि लागू हुने हो । निज सरोज काजी तुलाधर ऐन आउनु भन्दा पहिला प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त हुनु भएको अवधिलाई ऐन आए पछिको पटक गणना गर्दा सामेल गर्न मिल्दैन तर बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९(२) मा भएको व्यवस्था यो ऐन प्रारम्भ भए पश्चात मात्र लागू हुनेछ भनि ऐ. ऐनको दफा २९(३) मा कानूनी व्यवस्था भएको पाइन्छ । यसर्थ ऐन प्रारम्भ भएको मितिबाट मात्र एक पटक भन्दा बढि पटक प्रमुख कार्यकारी अधिकृत पुनः नियुक्ती हुन नपाउने हो । यदि निजको नियुक्ती ऐन प्रारम्भ भएको मिति भन्दा अगाडीको नियुक्तीलाई गणना गर्दा दोस्रो पटक हुने भएता पनि ऐन, प्रारम्भ भएको मिति पश्चात मात्र एक पटक गणना हुने भएको हुदाँ निज सरोज काजी तुलाधरलाई प्रमुख कार्यकारी अधिकृतको पदमा पुनः एक पटकलाई नियुक्ती गर्न ऐनले रोक लगाएको अवस्था छैन, निजलाई पुनः नियुक्ती गर्न मिल्दछ भनि कानूनी राय प्राप्त भएको र नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशिका २०८० को इं.प्रा.निर्देशन नं. ६/०८० को बुदाँ नं. ११ मा कार्यकारी प्रमुख लगायत दुई पटक भन्दा बढि उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्ती हुन नसक्ने गरि सम्बन्धित संस्थाले आफ्नो नियमावलीमा व्यवस्था गर्नु पर्ने छ । यो निर्देशन जारी हुदाँ बैंक तथा वित्तीय संस्थाको नियमावलीमा यो व्यवस्था नभएको भए आगामी साधारण सभाले सो सम्बन्धि प्रस्ताव पारित गरि नियमावली संशोधन गर्नु पर्नेछ

BOARD M.M

**Corporate Office**
**P.O. Box** 8867, Hattisar, Kathmandu
**Tel** 01-4444039, Fax 01-4443414
**Email** info@goodwill.net.np
**Web** www.goodwillfinance.com.np
PAN 500046719

भनी निर्देशन दिइएकोले सोहि निर्देशन बमोजिम मिति २०७४/१२/१२ मा श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत अध्यावधिक भैसकेको र बैंक तथा वित्तीय संस्थाका संचालक र कार्यकारी प्रमुखको नियुक्तीका लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्बन्धि विनियमावली २०७४ बमोजिम योग्यता समेत पुगेकोले यस वित्तीय संस्थाको मिति २०७६/१०/०२ मा बसेको संचालक समितिको ३४९ औं बैठकको निर्णय अनुसार प्रमुख कार्यकारी अधिकृत पदमा श्री सरोज काजी तुलाधरज्यूलाई मिति २०७६/१०/०२ गते देखि लागू हुने गरि करार सेवामा ४ (चार) बर्षको लागि प्रथम कार्यकालको सम्झौता गरिएकोमा उक्त सम्झौता २०८०/१०/०१ मा समाप्त हुने भएकोले दोस्रो कार्यकालका रुपमा ४(चार) बर्षको लागि मिति २०८०/१०/०२ गते देखि लागू हुने गरी श्री सरोज काजी तुलाधरज्यूलाई प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ती गर्ने निर्णय गरियो । साथै निजको शर्त तथा सुविधाको हकमा साविक बमोजिम कायम रहने गरि सम्झौता पत्रमा हस्ताक्षर गर्न यस संचालक समितिको तर्फबाट अध्यक्ष श्री विश्व प्रकाश साखःज्यूलाई सम्पूर्ण अधिकार प्रत्यायोजित गर्ने निर्णय गरियो ।

गुडविल फाइनान्स लि. (वित्तीय संस्था) जिफिल वि.सं. २०५१

स्वयम्भू शाक्य
कम्पनी सचिव

BOARD M.M